# बर्दगोरिया गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प.सं.: २०८३/०८४
चलानी नं.:

मुडा, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी परामर्श सेवाका लागि प्रस्ताव आह्वान सम्बन्धी १५ (पन्ध्र) दिने सूचना**

**(Notice Inviting Proposal)**

**(प्रथम पटक प्रकाशित मिति : २०८३/०५/१०)**

यस बर्दगोरिया गाउँपालिका अन्तर्गत रहेका नदी, खोला तथा नालाबाट उत्खनन गरिने नदीजन्य निर्माण सामग्री (ढुङ्गा, गिट्टी, बालुवा लगायत) उत्खनन स्थलहरूको प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination–IEE) प्रतिवेदन तयारी सम्बन्धी परामर्श सेवा खरिद गर्नुपर्ने भएकाले यस सूचना साथ संलग्न Request for Proposal (RFP) तथा Terms of Reference (ToR) मा उल्लेखित सर्त, योग्यता तथा कार्यक्षेत्र अनुसार इच्छुक, योग्य एवं अनुभव प्राप्त परामर्शदाता संस्था (Consulting Firm) हरूबाट प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

परामर्शदाता छनोट सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३१(४-क) बमोजिम Quality and Cost Based Selection (QCBS) छनोट विधि अनुसार गरिनेछ।

<u>प्रस्ताव पेश गर्ने सम्बन्धी विवरण</u>

१. प्रस्तावदाताले प्राविधिक प्रस्ताव (Technical Proposal) र आर्थिक प्रस्ताव (Financial Proposal) छुट्टाछुट्टै सिलबन्दी खाममा राखी दुवै खामलाई पुनः एउटै बाहिरी सिलबन्दी खाममा राखी पेश गर्नुपर्नेछ।

२. प्रस्ताव हार्डकपी (Hard Copy) मा मात्र पेश गर्नुपर्नेछ।

३. प्रस्तावदाताले आफ्नो प्रस्तावसँग फर्म दर्ता प्रमाणपत्र, आ.व. २०८२/०८३ सम्मको कर चुक्ता प्रमाणपत्र तथा RFP मा माग भएबमोजिमका अन्य आवश्यक कागजातहरू अनिवार्य रूपमा पेश गर्नुपर्नेछ। साथै,तोकिए बमोजिम कागजात पेश नगरिएका परामर्शदाता संस्थाबाट प्राप्त प्रस्तावहरू मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैनन्।

४. Request for Proposal (RFP) तथा Terms of Reference (ToR) सम्बन्धी कागजात गाउँपालिकाको वेबसाइट www.bardgoriyamun.gov.np बाट निःशुल्क डाउनलोड गर्न सकिनेछ।

५. प्रस्ताव बुझाउने स्थान: बर्दगोरिया गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मुढा, कैलाली

**६. प्रस्ताव बुझाउने अन्तिम मिति र समयः**

प्रस्ताव प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्रौं) दिनको कार्यालय समयभित्र वा RFP मा उल्लेख भएबमोजिम पेश गर्नुपर्नेछ। यदि प्रस्ताव बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको लगत्तैको पहिलो कार्यदिन सोही समयसम्म प्रस्ताव पेश गर्न सकिनेछ। यस प्रयोजनका लागि छुट्टै सूचना प्रकाशित गरिने छैन।

७. म्याद नाघी प्राप्त भएका, अपूर्ण, रीत नपुगेका वा सर्तसहित पेश भएका प्रस्तावहरू मूल्याङ्कनमा समावेश गरिने छैनन्।

८. प्राविधिक प्रस्तावहरू प्रस्ताव पेश गर्ने अन्तिम मितिपछिको पहिलो कार्यदिन बिहान १०:०० बजे बर्दगोरिया गाउँपालिकाको कार्यालयमा खोलिनेछन्। प्रस्तावदाताहरू वा निजहरूको आधिकारिक प्रतिनिधि आफ्नो इच्छा अनुसार उपस्थित हुन सक्नेछन्। तर, प्रस्तावदाता वा निजको प्रतिनिधि अनुपस्थित रहे पनि प्राविधिक प्रस्ताव खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन।

९. प्राविधिक प्रस्तावको मूल्याङ्कन सम्पन्न भए पछि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम योग्य ठहरिएका प्रस्तावदाताको मात्र आर्थिक प्रस्ताव खोलिनेछ।

१०. यस सूचनामा उल्लेख नभएका अन्य विषयहरू Request for Proposal (RFP), Terms of Reference (ToR), सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछन्।

२०८३।०५।१०
नि. प्रमुख प्रशासकीय अधिकृत
बर्दगोरिया गाउँपालिका

नि.प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क नं. +977-9858426900, +977-9858487318
वेबसाइट: bardgoriyamun.gov.np, इमेल: bardagoriyagaupalika2017@gmail.com